मधेश प्रदेश सरकार
भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
धनुषा, मधेश, जनकपुरधाम

☎ ०४१-४२०१७९
☎ ०४१-४२०१४९

पत्र संख्याः- २०८२/०८३
च.नं.:-

मितिः-२०८३।०२।२८

विषयः जानकारी गराईएको सम्बन्धमा

यस कार्यालयको आ.व. २०८२।०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषक/व्यवसायी/ उद्यमिका लागि मेशिनरी औजार खरिद तथा वितरण कार्यक्रम (चिलिङ्ग भ्याट, मिल्किङ्ग मेशिन, साइलेज मेशिन, च्याफकटर, डिफिदरर) संचालन सम्बन्धमा कृषक/व्यवसायी/ उद्यमिका लागि मेशिनरी औजार खरिद तथा वितरणको लागि फर्म/कम्पनी सूचिकृत तथा प्रतिइकाई दरभाउ सहित सिलबन्दी आवेदन/प्रस्ताव आव्हान गरिएकोमा प्रस्ताव दर्ता गर्ने अन्तिम दिन २०८३।०२।२७ गते सम्म यस कार्यालयमा एक वटा मात्र प्रस्ताव दर्ता हुन आएकोमा कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६ (पहिलो संशोधन, २०७७) को दफा ७ (६) अनुसार अनुदानलाई कृषकमैत्री बनाउन माग भएको सामग्री र उपकरणको आधार गुणस्तर र प्रति इकाई मूल्य सूचना माग गरी कम्तिमा ३ वटा कम्पनिको प्रतिस्पर्धात्मक सूची सार्वजनिक गरी प्राप्त गुणस्तर र मूल्य अनुरुप कृषकले चाहेको आपूर्ति कर्ताबाट तोकेको रकम अनुदानग्राहीले सप्लायर्समा जम्मा गर्ने र समान आपूर्ति पश्चात बाँकी रकम आपूर्तिकर्ताको खातामा कार्यालयले उपलब्ध गराउन सक्ने भनी व्यवस्था रहेकोमा कार्यालयबाट मिति २०८३।०२।१३ गते गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार तोकिएको मिति २०८३।०२।२७ गते सम्म एक वटा प्रस्ताव मात्र दर्ता हुन आएकोमा कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६ (पहिलो संशोधन, २०७७) को दफा ७ (६) अनुसार प्रतिस्पर्धात्मक सूची सार्वजनिक गर्न नमिल्ने र अर्को सूचना निकालि कार्यक्रम अगाडि बढाउन पर्याप्त समय नरहेकोले सो कार्यक्रम सम्बन्धी कार्यहरु यस कार्यालयको मिति २०८३।०२।२८ गतेको निर्णय अनुसार रद्द भएको जानकारी गराईन्छ।

..............................
डा. संजीव कुमार ठाकुर
कार्यालय प्रमुख

**डा. संजिव कुमार ठाकुर**
**कार्यालय प्रमुख**
**वरिष्ठ पशु चिकित्सक**



CamScanner